# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड९) जनकपुरधाम, नेपाल, चैत्र १९गते, २०८२ साल (संख्या११(ख)

भाग ३

## मधेश प्रदेश सरकार

## अर्थ मन्त्रालय

### मधेश प्रदेश सशर्त अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२

मधेश प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०८१ मा सामयिक संशोधन गर्न वाञ्छिनीय भएकोले प्रदेश वित्तीय

हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :- (१) यस कार्यविधिको नाम "मधेश प्रदेश सशर्त अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मधेश प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा १७ मा संशोधन :-** मधेश प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा १७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :

"(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चालु आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेश विनियोजन ऐन, २०८२ बमोजिम अन्तर सरकारी वित्तीय हस्तान्तरण (स्थानीय तह) अन्तरगत सशर्त अनुदान तर्फ विनियोजित बजेटबाट कृषि क्षेत्रलाई प्राथमिकतामा राखी प्रति महानगरपालिकालाई रु. साठी लाख, प्रति उपमहानगरपालिकालाई रु. पचास लाख, प्रति नगरपालिकालाई रु. चालिस लाख र प्रति गाउँपालिकालाई रु. तीस लाखका दरले देहाय बमोजिम कार्यान्वयन गर्न बाधा पर्ने छैन:-

(क) मन्त्रालयबाट आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्ने,

(ख) स्थानीय तहको सभा/कार्यपालिकाको निर्णयले आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने,

(ग) दफा ७ बमोजिमको समितिबाट आयोजना तथा कार्यक्रम छनौट गर्ने,

(घ) खण्ड (ग) बमोजिम समितिले छनौट गरेको आयोजना तथा कार्यक्रम मन्त्रालयले स्वीकृत गर्ने,

(ङ) यस दफा बमोजिम स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयन, निकासा र खर्च गर्ने,

**स्वीकृत मिति २०८२।१२।११**

**आज्ञाले**

**रामकुमार महतो**

**सचिव**

**अर्थ मन्त्रालय, मधेश प्रदेश**

**जनकपुरधाम**